**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 14.04.2025**

## सिक्किम उप राष्ट्रपति

भारतका उप राष्ट्रपति श्री जगदीप धनखड़को सिक्किम भ्रमणका लागि मुख्य सचिव श्री आर तेलाङले एउटा तयारी बैठकको अध्यक्षता गर्नुभएकोछ। आज अपरान्ह टाशीलिङ सचिवालयमा यस बारे जानकारी दिइयो।

अधिकारीहरूलाई उप राष्ट्रपतिको संभावित यात्रा कार्यक्रमको जानकारी दिँदै मुख्य सिचवले निर्धारित स्थलहरूमा प्रस्तावित कार्यक्रमहरूको समीक्षा गर्नुभयो।

उप राष्ट्रपति 17 र 18 मई 2025 मा सिक्किम यात्रामा आउने कार्यक्रम छ। उहाँले दुई दिने भ्रमणको बेला स्कूल र विश्वविद्यालय विद्यार्थीहरूसित एक अन्तरक्रियात्मक सत्र अनि सिक्किम विधानसभामा जाने कार्यक्रम पनि छ।

## प्रेम सिंह तामाङ – सिक्किम

सिक्किमका मुख्यमन्त्री प्रेम सिंह तामाङले एउटा राष्ट्रीय दैनिकमा प्रकाशित मानचित्रको कड़ा निन्दा गर्नुभएकोछ। यसमा भारतको मानचित्रबाट सिक्किम राज्यलाई हराई दिइएकोछ। श्री तामाङले यो एक गम्भीर र अस्वीकार्य भूल भएको भन्दै यसले राष्ट्रको सार्वभौमिकता र क्षेत्रीय आवश्यकतालाई कमजोर पारेको भन्नुभयो। उहाँले भन्नुभयो हामीले सिक्किम राज्य स्थापनाको 50 वर्ष पूरा रहेको बेला सिक्किमका जनताका लागि यो कुराले गहिरो चोट पारेको पारेकोछ।

## राई- खेलो इंडिया

खेलो इंडिया खेलमा बिहारमा भएको बक्सिङको क्षेत्रमा प्रतिस्पर्धा नाम्चीका रीवाश राईले कांस्य पदक जीतेका छन्। रीवाश राईले हरियाणाका खेलाड़ीलाई पराजित गरे। पुरूषहरूको 45 किलो भार वर्गमा उनले पदक जीतेका हुन्।

आफ्नो जीत पछि रीवाश राईले भनेका छन्।...

## पाक्योङ – झण्डा मास्ट

पाकिम पुलिस थानामा आज विधायक तथा महिला, बच्चा, वरिष्ठ नागरिक र दिव्यांक कल्याण विभागकी सल्लाहकार श्रीमती पामिन लेप्चाले पाकिमका जिल्लाधीश रोहन अगवाने तथा पाकिम पुलिस अधीक्षक धन माया सुब्बाका साथ एउटा झण्डा मास्टको उद्घाटन गर्नुभयो। सिक्किम सरकारको सड़क तथा पुल विभागले झण्डा मास्ट परियोजनाको कार्य निष्पादन गरेको छ।

यसका साथै सिक्किमको भारतीय रिजर्भ बटालियन आई आर बी ले Guard of Honour पनि प्रस्तुत गर्यो। पाकिम पुलिस थानाका परिसर भित्र जड़ान गरिएको यो विशाल संरचना तिरंगालाई श्रद्धांजली हो। सिक्किमका जनताको शक्ति र एकताको चिन्हको रूपमा पनि यसलाई हेर्न सकिन्छ।

### नाम्ची स्वच्छ सिक्किम

नाम्चीकी जिल्लाधीश अनुपा तामंलिङले आज जिल्ला प्रशासनिक केन्द्रमा राज्य स्थापनाको 50 वर्ष पूरा भएको उपलक्ष्यमा स्वच्छ सिक्किम पहलका लागि एउटा तयारी बैठकको अध्यक्षता गर्नुभयो। बैठकको बेला 24 मईका दिन मल्ली देखि जोरथाङ राजमार्गसम्म एउटा सामूहिक स्वच्छता अभियान हुन गई रहेको उहाँले बताउनुभयो।

जिल्ला प्रशासन, स्थानीय ग्राम पंचायत निर्वाचित प्रतिनिधिहरू र सामान्य जनताको संयुक्त प्रयासमा यो आयोजित गरिन्दैछ। पानी पर्न अघि नालीहरूलाई सफा गर नामक राज्यव्यापी अभियान बमोजिम अनुपा तामलिङले पानी जमा हुने र स्वास्थ्य संबधी समस्याहरूलाई रोक्न मौनसून सीजन अगावै नालीहरू सफा गर्ने अत्यावश्यकता माथि प्रकाश पार्नुभयो।

### मंगन वित्त आयोग

मंगनका जिल्लाधीश र जिल्ला स्तरीय समिति  DLC  का अध्यक्ष अनंत जैनले मंगन जिल्ला अन्तर्गत प्राथमिक तथा ब्लॉक स्तरमा स्वास्थ्य सेवाहरूमा सुधारका लागि 15 औं वित्त आयोगबारे छलफल गर्न DLC को एक बैठकको अध्यक्षता गर्नुभएको छ। बैठकमा मंगन जिल्ला पंचायतका अध्यक्ष Kado Lepcha को उपस्थिति पनि रहेको थियो। आयोगका सिफारिशहरू अनुसार भविष्यका पहलहरूका लागि कोष आवन्टन, स्वास्थ्य हेरचाह प्राथमिकताहरू र योजनाहरूबारे बैठकमा छलफल भयो।

### CII शपथ

न्यायमूर्ति भूषण रामकृष्ण गवईले आज भारतका 52 औं मुख्य न्यायाधीसका रूपमा शपथ ग्रहण गर्नु भएकोछ। राष्ट्रपित द्रौपदी मुर्मुले आज बिहान राष्ट्रपति भवनमा आयोजित एक विशेष समारोहमा न्यायमूर्ति गवईलाई पदको शपथ ग्रहण गराउनुभयो। न्यायमूर्ति बि. आर गवईले न्यायमूर्ति संजीव खन्नाको स्थान लिनुभएकोछ। उहाँको कार्यकालको हिजो समापन भएको थियो। यस समारोहमा उपराष्ट्रपति जगदीप धनखड़, प्रधानमन्त्री नरेन्द्र मोदी, कैयन केंद्रिय मन्त्रीगण र सर्वोच्च न्यायालयका न्यायधीशहरू लगायत् कैयन गणमान्य व्यक्तिहरू उपस्थित हुनुहुन्थ्यो।